मिति २०८०/०८/१८ गते नगर प्रमुखज्यूबाट मिति २०८०/०८/१९ गते नगर कार्यपालिकाको आ.व.२०८०/०८१ को ७ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि. नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | जापानको योसिका शहरसँग भगिनी सम्बन्ध कायम गर्ने । | • दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको जापान भ्रमणका क्रममा जापानको योसिका शहरले अनुरोध गरे अनुसार कानून बमोजिम भगिनी सम्बन्ध कायम गर्ने विषयको अनुमोदन गर्ने र जापान भ्रमणबाट प्राप्त प्रतिवेदनलाई श्रोत साधन र न.पा. को आवश्यकता अनुसार उपयोग गर्ने । |
| २. | कृषकलाई राहत उपलब्ध गराउने सम्बन्धमा । | • विपद्/बाढीपहिरोबाट नगरपालिका भित्रका सबै वडाका कृषकको हानी नोक्सानीको (प्राविधिक मूल्याङ्कन भई आएमा) वडाको सर्जमिन, न.पा. को कृषि शाखा/कृषि बीमाको प्रतिवेदनको आधारमा प्रति रोपनी बढिमा रु.७,०००।- (अक्षरुपी सात हजार) को दरले प्रति परिवार राहत उपलब्ध गराउने । |
| ३. | द.न.पा. वडा नं. ७ मा गएको सुख्खा पहिरो नियन्त्रण सम्बन्धमा । | • यस नगरपालिकाको वडा नं. ७ मा गत आ.व. मा गएको सुख्खा पहिरोको जोखिम न्यूनिकरणको लागि आ.व. २०८०/०८१ मा विपद् व्यवस्थापन कोषमा विनियोजित रकम रु.१,२५,००,०००।- (अक्षरुपी एक करोड पच्चिस लाख) मध्येबाट रु.५०,००,०००।-(अक्षरुपी पचास लाख) उक्त युटिकी लङ्कु पहिरो नियन्त्रणका लागि विनियोजन गर्ने र नगरपालिकालाई अनुमोदनका लागि अनुरोध गर्ने । |
| ४. | विविध | • तपसिल बमोजिमका कार्यविधिहरु आवश्यकता अनुसार परामर्श सेवाबाट बनाउने :<br>क) उपभोक्ता समितिको दर्ता कार्यविधि<br>ख) नीजि स्वास्थ्य संस्था दर्ता, संचालन तथा नियमन सम्बन्धी कार्यविधि<br>ग) दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय, दक्षिणकालीको कार्यकारी निर्देशक छनौट सम्बन्धी कार्यविधि<br>घ) विभिन्न प्रकृतिका विपद्को क्षतिपूर्ति स्वरुप उपलब्ध गराउने राहत वितरण मापदण्ड/कार्यविधि । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

- दक्षिणकाली नगर कार्यपालिकाको कार्यालय फर्पिङ्गबाट मिति २०८०/०७/१९ गतेको राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित दक्षिणकाली नगरपालिका क्षेत्र भित्र ढुंगा,गिट्टी,ग्राभेल,बालुवा र माटो लगायतको प्राकृतिक स्रोतहरुको बिक्री/संकलन शुल्क/दस्तुर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको १५(पन्ध्र) दिने छैठौ पटकको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएको बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८०/०८/०६ गतेको प्रतिवेदन तथा सिफारिस अनुसार यस दक्षिणकाली नगरपालिकामा आय ठेक्काको लागि बनेको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७८ बमोजिम सारभूत रुपमा प्रभावग्राही र अधिकतम् सुशासन निर्माण सेवा प्रा.लि.,द.न.पा.-८ लाई यस कार्यालयबाट मिति २०८०/०८/०७ गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भएको यसै कार्यविधिको दफा ५ को उपदफा (३ ) बमोजिम तपशिल बमोजिमको शर्तमा रही सम्झौता गर्ने ।

<u>तपशिल</u>

- आ.व.२०८०/०८१ को छैठौं कार्यापालिकाको निर्णयानुसार दोस्रो पक्षले कबोल गरेको मू.अ.कर बाहेक रकम रु.१,६१,००,०००।(अक्षरुपी रु.एक करोड एक्साठ्ठी लाख) मा मू.अ.कर सहितको १० प्रतिशतले हुने रकम रु.१८,९३,३००/- जम्मा गर्नु पर्नेमा मिति २०८०/०८/१४ गते यस नगरपालिकाको आन्तरिक खातामा रकम रु.२०,००,०००/- दाखिला भएकोले बाँकी मू.अ.कर सहित रकम रु.१,६१,९३,०००/- नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त 'क' वर्गको सिद्धार्थ बैंक लि. बैंकको मिति २०८१/०३/३१ सम्म अवधि रहेको कार्यसम्पादन जमानत(performance Bond) प्राप्त भएको आधारमा यो सम्झौता गरिएको छ ।
- दोस्रो पक्षले ९० प्रतिशत बाँकी मू.अ.कर सहित रकम रु.१,६१,९३,०००/- ३(तीन) किस्ता गरी यस नगरपालिकामा बुझाउनु पर्नेछ ।सो रकम मध्ये पहिलो किस्ताको २५ प्रतिशतले हुन आउने रकम रु.५३,९७,६६६/-२०८० साल माघ मसान्तसम्म,दोस्रो किस्ताको रकम रु.५३,९७,६६६/- चैत्र मसान्तसम्म र अन्तिम किस्ताको रकम रु.५३,९७,६६८/- २०८१ साल असार १५ गते भित्रमा बुझाउने पर्नेछ ।
- यस ठेक्काको अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८१ असार मसान्तसम्म रहनेछ र सो सम्झौता भएको मितिबाट बाँकी २०८१ असार मसान्तसम्मलाई एक आर्थिक वर्ष मानिनेछ ।
- दोश्रो पक्षले नियमानुसारको मू.अ.कर न.पा.मा जम्मा गर्नुपर्नेछ उक्त कर प्रथम पक्षले सम्बन्धित आन्तरिक

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

राजश्व कार्यालयमा दाखिला गरि सोको जानकारी द्धितिय पक्षलाई दिनु पर्नेछ।

- आ.व.०८०।०८१ मा स्वीकृत प्राप्त साधारण निर्माणमुखी खनिज पदार्थ उद्योग संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन ।
- नगरपालिका क्षेत्रभित्र आफ्नो वा एकाघरको परिवारको जग्गाबाट उल्लेखित प्राकृतिक श्रोतहरु वडा भित्र वा एउटा वडाबाट अर्को वडामा घर बनाउने वा जग्गा सम्याउने प्रयोजनका लागि लैजाँदा दोश्रो पक्षले शुल्क लिन पाउने छैन ।
- ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु दोश्रो पक्षले व्यहोर्नु पर्नेछ
- दोश्रो पक्षले तपसिल बमोजिमको दररेटलाई आधार मानी प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट शुल्क/दस उठाउने कार्य गर्नुपर्नेछ :

| क्र.सं | विवरण | ईकाई | संकलन तथा विक्री शुल्क (कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, ग्राभेल, वालुवा | प्रति घन फिट | रु.९/- | |
| २ | माटो | प्रति घन फिट | रु.३.५ | |

- दोश्रो पक्षले उठाउने कर प्रथम पक्षले तोकेको संकलन केन्द्रबाट उठाउनु पर्नेछ र दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ । साथै राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी शुल्क/दस्तुर उठाउन पाइने छैन । दोश्रो पक्षले शुल्क उठाउँदा ट्राफिक व्यवस्थालाई अप्ठेरो नहुने गरी संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- दोश्रो पक्षले प्रथम पक्षले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नो तर्फबाट छपाई गरि यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ । नियमानुसार प्रयोग गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा अर्को महिनाको ७ गते भित्र यस नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

- निकासी पत्र/बील नलिई वा म्याद गुज्रेको मिति, समय उल्लेख नगरिएको वा सच्याइएको बील राखी निर्माणमुखी सामग्री ढुवानी/निकासी गर्न पाइनेछैन । यस्तो गाडी सामान सहित अवैध निकासी सरह मानी कारवाहीको लागि नगरपालिका वा नगरपालिकाले तोकेको निकायमा पठाइनेछ ।
- दोश्रो पक्षले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन । तर काबु बाहिरको परिस्थितिमा नगर सभाको निर्णय नै अन्तिम हुनेछ ।
- एक पटक राजश्व तिरी डिपोमा संकलन भएको प्राकृतिक श्रोतको निकासीमा पुन: शुल्क/दस्तुर लिन पाईने छैन । साथै अन्य स्थानीय तहमा कर बुझाएको प्रमाण सहित यस नगरपालिकाको बाटो भै निकासी हुने सवारी साधनबाट शुल्क/दस्तुर (दोहोरो पर्ने गरी) लिन पाइने छैन ।
- प्रचलित कानून र सम्झौताको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि प्रथम पक्षले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा दोश्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
- दोश्रो पक्षले कारोबार गर्दा बाल श्रमिक प्रयोग गर्न तथा वातावरण प्रतिकूल असर पार्ने प्रविधि अपनाउन पाइनेछैन
- शुल्क उठाउने सम्बन्धमा नगरपालिका, खानी सञ्चालक, सवारी धनी र व्यक्ति बीच कुनै विवाद भएमा आपसी छलफलबाट विवादको समाधान गरिनेछ । यसरी छलफल गर्दा विवादको समाधान हुन नसकेमा नगर कार्यपालिकाको बैठकले उठेको विवादको सम्बन्धमा आवश्यक निर्णय दिनेछ ।
- नगरस्तरीय अनुगमन तथा समन्वय समितिबाट खटिई गएको अनुगमन टोलीले दिएको निर्देशन पालना गर्नु दो पक्षको कर्तव्य हुनेछ ।
- यस नगरपालिका भित्र संचालनमा रहेको कुनै पनि आयोजनाको क्षेत्र भित्र हुने कार्यबाट निस्कन सक्ने प्राकृतिक स्रोत साधन सोही आयोजनाको क्षेत्रभित्र प्रयोग गर्दा शुल्क/दस्तुर उठाउन पाइने छैन । तर एक आयोजनाबाट अर्को आयोजनामा लैजादा भने शुल्क/दस्तुर उठाउन पाइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र दक्षिणकाली नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु दोश्रो पक्ष कर्तव्य हुनेछ ।
- यस सम्झौतामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियममा स्पष्ट रुपमा उल्लेख भएमा सोही

रोशन ज्ञवाली
...ख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | बमोजिम र अन्य विषयको सम्बन्धमा नगरपालिकाबाट निर्णय भए बमोजिम हुनेछ । |

प्रतिलिपि

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत